नेपाल सरकार

# कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(..............................................................शाखा)

प.सं. : ०७४/७५
च.नं. : ४२०

सिंहदरवार, काठमाण्डौं

मिति: २०७४/१२/२८

## प्रेस विज्ञप्ति

मिति २०७४ साल चैत्र २७ गते दिउँसो १:०० बजे नेपालका लागि जापानका महामहिम राजदुत HE.MR. Masashi Ogawa ले माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री शेरबहादुर तामाङ्गज्यूसँग माननीय मन्त्रीज्यूको कार्यकक्षमा शिष्टाचार भेट गर्नु भयो। उपर्युक्त भेटका अवसरमा नेपाल र जापान बीचको लामो र सौहार्दपूर्ण कुटनीतिक सम्वन्धको महत्वलाई स्मरण गर्दै आपसी सहयोग आदानप्रदानका समसामयिक विषयमा छलफल भएको थियो। महामहिम राजदूतबाट कानूनी सुधार, शिक्षा, जलविद्युत र विकासको पुर्वाधार विकासमा जापानी सहयोग निरन्तर रहने कुरा दोहोर्याउँदै सहयोगका नयाँ क्षेत्रमा समेत सहकार्य गर्न इच्छुक रहेको कुरा बताउनु भएको थियो। सो भेटघाटको क्रममा माननीय मन्त्रीज्यूले कानूनी शासन, संविधान कार्यान्वयन, आर्थिक समृद्धि र सुशासन जस्ता पक्ष नेपाल सरकारको उच्च प्राथमिकता रहेको विषयमा छलफल गर्नु भएको थियो।

सोही मितिमा दिउँसो १:३० बजे नेपालका लागि अष्ट्रेलियाका महामहिम राजदुत HE.MR. Peter Budd ले माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री शेरवहादुर तामाङ्गज्यूसँग माननीय मन्त्रीज्यूको कार्यकक्षमा शिष्टाचार भेट गर्नुभयो। उपर्युक्त भेटका अवसरमा नेपाल र अष्ट्रेलिया बीचको लामो र सौहार्दपूर्ण कुटनीतिक सम्बन्धको महत्वलाई स्मरण गर्दै आपसी सहयोग आदानप्रदानका समसामयिक विषयमा छलफल भएको थियो। नेपालस्थित अष्ट्रेलियाको राजदूतावासबाट भष्ट्राचार, सुशासन र सो विषयमा भएको नेपाल सरकारको अग्रसरताको प्रशंसा व्यक्त गरिएको थियो। महामहिम राजदूतले अष्ट्रेलियामा बढिरहेको नेपाली समुदायबाट नेपाल र अष्ट्रेलियावीच जनस्तरको सम्बन्ध अभिवृद्धि भइरहेको कुरा गर्न भएको थियो।

सोही मितिमा दिउँसो २:०० बजे नेपालका लागि संयुक्त राज्य अमेरिकका महामहिम राजदुत H.E. MS. Alaina B. TepliTz ले माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री शेरवहादुर तामाङ्गज्यूसँग माननीय मन्त्रीज्यूको कार्यकक्षमा शिष्टाचार भेट गर्नु भयो। उपर्युक्त भेटका अवसरमा नेपाल र संयुक्त राज्य अमेरिका बीचको लामो र सौहार्दपूर्ण कुटनीतिक सम्बन्धको महत्वलाई स्मरण गर्दै सहयोग आदानप्रदानका समसामयिक विषयमा छलफल भएको थियो। महामहिम राजदूतवाट कानून निर्माणको अवस्था, कानूनी शासन, स्वतन्त्र, स्वच्छ, सक्षम न्यायापलिकाको क्षेत्रमा नेपाल सरकारको प्राथमिकताका बारेमा जिज्ञासा राख्नु भएको थियो । साथै, Millennium Challenge Compact को कार्यान्वयनको अवस्था र सो सम्वन्धी आगामी दिनमा गर्नुपर्ने कामका बारेमा समेत उहाँले माननीय मन्त्रीज्यूलाई अवगत गराउनु भएको थियो। सो

फोन: ४-२११९८७, ४-२११७८६, ४-२११६३०, ४-२११७४१, ४-२११६३४, ४-२११७०२, ४-२११६३६, ४-२११८७२, ४-२११७२७
फ्याक्स नं.: ४-२११६८४

नेपाल सरकार

# कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(.................................................शाखा)

प.सं. : ०७४/०७५

च.नं. : ४२०

सिंहदरबार, काठमाण्डौं

भेटघाटको क्रममा माननीय मन्त्रीज्यूले कानून निर्माण, सुशासन र आर्थिक समृद्धि नेपाल सरकारको उच्च प्राथमिकता रहेको साथै Millennium Challenge Compact सम्झौता कार्यान्वयन गर्न मन्त्रालयको तर्फबाट आवश्यक सहजीकरण गर्ने कुरा समेत स्पष्ट गर्नुभयो। सो अवसरमा नेपालका लागि संयुक्त राज्य अमेरिकाको राजदूतावासका स्थायी कानूनी सल्लाहकार Kevin Burke को पनि उपस्थिति रहेको थियो ।

माथि उल्लेखित शिष्टाचार भेटघाटका अवसरमा मन्त्रालयका सहसचिवद्वय श्री डिल्लीराज घिमिरे र श्री धनराज ज्ञवाली पनि उपस्थित रहनु भएको थियो ।

रमेश ढकाल

प्रवक्ता एव सहसचिव

फोन: ४-२११९८७, ४-२११७८६, ४-२११६३०, ४-२११७४१, ४-२११६३४, ४-२११७०२, ४-२११६३६, ४-२११८७२, ४-२११७२७

फ्याक्स नं.: ४-२११६८४